# हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हरिनगरा, सुनसरी
कोशी प्रदेश, नेपाल

प.स. २०८०/०८१

च.न.:

मिति:२०८०।१०।२९

सूचना ! सूचना !! सूचना !!!

विषय :- न्यूनतम रोजगारीमा संलग्न हुनका लागि दिने निवेदन सम्बन्धी सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्वन्धी नियमावली २०७५ को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ (दोश्रो संशोधन,२०७८ सहित) को दफा १८ (१) बमोजिम आगामी आ.व. २०८१/०८२ मा हरिनगर गाउँपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिनको न्यूनतम रोजगारीमा संलगन भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक सामाजिक र आर्थिक अवसरबाट बन्चित महिला,आदिवासी जनजाती, दलित, सिमान्तकृत समुदाय तथा विपन्न वर्गका व्यक्तिहरुले २०८० फाल्गुन १ गते देखि २०८० फाल्गुन ३० गते सम्ममा तपशिलमा उल्लेखित कागजात संलगन गरि आफ्नो स्थायी बसोबास रहेको वडा कार्यालयमा गई निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :

१.निवेदन दिने व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।

२. निवेदन दिने व्यक्तिको पासपोर्ट साइजको फोटो १ प्रति।

३.फारममा उल्लेख गरिने परिवार संख्याका नागरिकताको प्रतिलिपि १ प्रति,नागरिकता प्रमाण पत्र नभएको खण्डमा जन्म मिति खुल्ने कागजात समावेश गर्नुपर्ने छ ।

४.निवेदकको सम्पर्क नम्वर ।

५.निवेदकको उमेर १८ वर्ष पूरा भई ५९ वर्ष ननाघेको ।

६.बेरोजगार दर्ताका लागि दिने निवेदन फारम सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ ।

७.उक्त आवेदन फारम प्रधनमन्त्री रोजगार कार्यक्रमको वेबसाइड https://pmep.gov.np/ बाट समेत डाउनलोड गर्न सकिनेछ ।

..........................